# माण्डवी गाउँपालिका, प्यूठानको

## आ.व २०८१/०८२ को प्रथम चौमासिक सार्वजनिक सुनुवाई कार्यक्रम २०८१

माण्डवी गाउँपालिका
प्यूठान जिल्ला
लुम्बिनी प्रदेश

**मिति: २०८१ मङ्सिर २३ गते**

**स्थान: माण्डवी गाउँपालिकाको सभाहल , देवीस्थान प्यूठान**

**१.पृष्ठभुमिः** सार्वजनिक पद र अधिकार धारण गरेका कर्तव्यपालक र सेवाग्राहीबीच सार्वजनिक रूपमा हुने प्रत्यक्ष अन्तरक्रिया सार्वजनिक सुनुवाइ हो। सरोकारवाला सर्वसाधारण नागरिक र स्थानीय निकायका पदाधिकारीहरु बीच सार्वजनिक चासोको विषयमा सार्वजनिक स्थलमा खुला छलफल गरी पारदर्शिता, जवाफदेहिता, प्रवद्र्धन गरी सुशासनको प्रत्याभुति गर्न सार्वजनिक सुनुवाईले अहंम भूमिका खेल्दछ। स्थानीय निकाय र नागरिकहरुका बीचमा दोहोरो सम्वाद स्थापित गर्न र त्यस्तो सम्वादबाट जनतालाई देश विकासको प्रक्रियामा रचनात्मक प्रतिनिधित्व गराई पारदर्शिताको माध्यमद्वारा स्थानीय निकायको विकास निर्माण कार्य र सेवाप्रवाहलाई गुणस्तरीय र प्रभावकारी बनाई जिम्मेवारीको संस्कार बसाउने कार्य सार्वजनिक सुनुवाईले गर्दछ। नियमित र खुला अन्तरक्रियाका माध्यमबाट सेवाग्राहीलाई सन्तुष्टि प्रदान गरी विश्वासको वातावरण कायम गर्नु यसको उद्देश्य हो। स्थानीय निकायवाट संचालित विकास कार्यक्रम, उपलब्ध सेवा, वस्तु र सुविधा सार्वजनिक गरी त्यस्ता विषयका सम्वन्धमा सार्वजनिक थलोमा सेवाग्राही नागरिकले उठाएका प्रश्न, जिज्ञासाहरुमा स्पष्टता ल्याउने र नागरिकबाट मूल्याङ्कन गराउने तथा नागरिकबाट प्राप्त रचनात्मक सुझावलाई ग्रहण गर्न तथा जिम्मेवारीबोधको संस्कार बसाउन तथा सेवा प्रवाहमा थप सुधार ल्याउनका लागि सार्वजनिक सुनुवाई गरिन्छ।

सूचनाको हकसम्बन्धी ऐन तथा सुशासन (व्यवस्थापन तथा सञ्चालन) ऐनले पनि सेवाप्रति सेवाग्राहीको सुझाब तथा सुनुवाइलाई जोड दिएका छन्। स्थानिय सरकारले प्रत्येक चौमासिकमा सार्वजनिक सुनुवाई गर्नुपर्दछ। यसबाट सेवाग्राहीका गुनासा सेवा–प्रदायकले सुनी पुनः नदोहोर्याउने प्रतिबद्धता व्यक्त गर्छन्। सुचनाको हक सम्वन्धी ऐन तथा सार्वजनिक निकायमा सार्वजनिक सुनुवाई सम्वन्धि कार्यविधि २०६७ तथा स्थानीय सरकार सचालन ऐन २०७४ मा भएका ब्यवस्था अनुसार सेवा प्रदायक निकायले आफुले गरेका कामकारवाहीको विषयमा सरोकारवाल निकायविच अन्तरक्रिया गरी पारदर्शिता प्रवर्दन, आन्तरिक सुशासन कायम र सहभागितामुलक कार्य पद्दति अवलम्वन गर्न महत्वपूर्ण भुमिका खेल्छ।

माण्डवी गाउँपालिकाद्धारा आ.ब २०८१।०८२ को हालसम्म सम्पन्न गरेका कार्यहरु ,गाउँपालिकाबाट गरिएको सेवा प्रवाह, संचालन भएका बिकास निर्माण कार्यहरु तथा गुनासाहरुका साथै आगामी दिनहरुमा सुधार गर्नका लागि चाल्नुपर्ने कदमहरुका बारेमा जानकारी लिने महत्वपुर्ण कार्यका लागि सार्वजनिक सुनुवाई कार्यक्रम राखिएको हो।

**२.कार्यक्रमको उद्देश्यः**

यस कार्यक्रमको उदेश्य माण्डवी गाउँपालिकाको आ.व. २०८१/०८२ को हालसम्मको प्रगतिको समिक्षा तथा खर्च सार्वजनिकीकरण गर्दै जनताको चासो, जिज्ञासा, गुनासोको सम्बोधन तथा प्राप्त सुझावहरु ग्रहण गर्नु हो। कार्यक्रमका थप उदेश्य तपसिल अनुसार छ।

१. कार्यालयबाट संचालित विकास कार्यक्रम उपलब्ध सेवा, वस्तु र सुविधा बारे सार्वाजनिक गर्नु।
२. गाउँपालिकाबाट सम्पादन भएका काम तथा सेवाप्रति सेवाग्राही नागरिकले उठाएका प्रश्नहरुमा स्पष्टता ल्याउने र नागरिकबाट प्राप्त रचनात्मक सुझावलाई ग्रहण गरी हाकाहाकी छलफल गर्ने प्रश्नोत्तर गराउने।
३. सेवा प्रदायक र नागरिक बिच प्रत्यक्ष आफ्ना कुराहरु राखी विकास निर्माण, सेवा प्रवाहलाई प्रभावकारी बनाउन र यस कार्यमा नागरिकको सहकार्य र साझेदारीको वातावरण बनाउने।
४. सुशासन ऐन तथा नियमावलीमा व्यवस्था भए बमोजिम सूचनाको हकको प्रत्याभूति गराउने।
५. स्थानीय तहका जननिर्वाचित प्रतिनिधि तथा विषयगत शाखा प्रमुखहरुलाई नागरिकहरु प्रति जवाफदेहि बनाउने।
६. सार्वजनिक सेवा तथा विकास निर्माणका कार्यहरुमा नागरिकहरुको सहभागीता बृद्धि गर्ने।

श्रोतगत बजेट र खर्च (अ..व २०८१/०८२)

| क्र.सं. | स्रोत समूह | स्रोत | आय अनुमान | सञ्चित कोष | खर्च | | |
|---|---|---|---|---|---|---|---|
| | | | | आम्दानी | चालु | पूँजीगत | जम्मा |
| १ | संघीय सरकार | समानिकरण अनुदान | ७,५८,००,०००.०० | ३,७९,००,०००.०० | १७,१९,०१३.०० | ४९,७५,०००.०० | ६६,९४,०१३.०० |
| २ | संघीय सरकार | शसर्त अनुदान चालु | १४,१३,०६,०००.०० | ९,३२,६१,९६०.०० | ३,३२,४३,२८५.८० | ०.०० | ३,३२,४३,२८५.८० |
| ३ | संघीय सरकार => बैदेशिक श्रोत | शसर्त अनुदान चालु | ५२,००,०००.०० | ०.०० | ०.०० | ०.०० | ०.०० |
| ४ | संघीय सरकार => बैदेशिक श्रोत | शसर्त अनुदान चालु | ४९,००,०००.०० | ०.०० | ०.०० | ०.०० | ०.०० |
| ५ | संघीय सरकार => बैदेशिक श्रोत | शसर्त अनुदान चालु | ६६,००,०००.०० | ०.०० | ०.०० | ०.०० | ०.०० |
| ६ | संघीय सरकार => बैदेशिक श्रोत | शसर्त अनुदान चालु | ११,००,०००.०० | ०.०० | ०.०० | ०.०० | ०.०० |
| ७ | संघीय सरकार | शसर्त अनुदान पुँजीगत | १,१५,००,०००.०० | ७५,९०,०००.०० | ०.०० | ०.०० | ०.०० |
| ८ | संघीय सरकार => अन्तरिक श्रोत | शसर्त अनुदान पुँजीगत | १०,००,०००.०० | ६,६०,०००.०० | ०.०० | ०.०० | ०.०० |
| ९ | संघीय सरकार => बैदेशिक श्रोत | शसर्त अनुदान पुँजीगत | १९,००,०००.०० | ०.०० | ०.०० | ०.०० | ०.०० |
| १० | संघीय सरकार => बैदेशिक श्रोत | शसर्त अनुदान पुँजीगत | २६,००,०००.०० | ०.०० | ०.०० | ०.०० | ०.०० |
| ११ | संघीय सरकार => अन्तरिक श्रोत | विषेश अनुदान पुँजीगत | ३,००,००,०००.०० | १,९८,००,०००.०० | ०.०० | ०.०० | ०.०० |
| १२ | संघीय सरकार => अन्तरिक श्रोत | समपुरक अनुदान पुँजीगत | ७५,००,०००.०० | ४९,५०,०००.०० | ०.०० | २४,७५,०००.०० | २४,७५,०००.०० |
| १३ | प्रदेश सरकार | समानिकरण अनुदान | ४७,१५,०००.०० | ०.०० | ०.०० | ०.०० | ०.०० |
| १४ | प्रदेश सरकार | शसर्त अनुदान चालु | ९,००,०००.०० | ०.०० | ०.०० | ०.०० | ०.०० |
| १५ | प्रदेश सरकार | शसर्त अनुदान पुँजीगत | ७०,००,०००.०० | ०.०० | ०.०० | ०.०० | ०.०० |
| १६ | प्रदेश सरकार | विषेश अनुदान पुँजीगत | २०,००,०००.०० | ०.०० | ०.०० | ०.०० | ०.०० |
| १७ | प्रदेश सरकार | समपुरक अनुदान पुँजीगत | ७०,००,०००.०० | ०.०० | ०.०० | ०.०० | ०.०० |
| १८ | राजस्व बाडफाड | राजस्व बाँडफाँड | ३७,७७,०००.०० | ०.०० | ०.०० | ०.०० | ०.०० |
| १९ | राजस्व बाडफाड | राजस्व बाँडफाँड | ३९,१८,०००.०० | ५,३२,५००.०० | १,४०,०००.०० | ०.०० | १,४०,०००.०० |
| २० | राजस्व बाडफाड | राजस्व बाँडफाँड | ७,८४,००,०००.०० | १,५३,६१,७०६.६८ | १,४२,५४,३६८.०० | ०.०० | १,४२,५४,३६८.०० |
| २१ | अन्तरिक श्रोत | आन्तरिक श्रोत | २,७३,९०,०००.०० | १,९७,१५,९४३.०२ | ५६,५१,४४७.०० | ०.०० | ५६,५१,४४७.०० |
| जम्मा | | | ४२,४५,०६,०००.०० | १९,९७,७२,१०९.७० | ५,५०,०८,११३.८० | ७४,५०,०००.०० | ६,२४,५८,११३.८० |

## १. चालु र पुँजीगत खर्च विवरण (हाल सम्मको)

| सि.नं. | विवरण | विनियोजित बजेट रु. | खर्च रु | खर्च% |
|---|---|---|---|---|
| १ | चालु | २९,२४,५४,००० | ५,५०,०८,११३.८० | १८.८ |
| २ | पुँजीगत | १३,२०,५२,००० | ७४,५०,००० | ५.६४ |
| **कुल जम्मा** | | **४२,४५,०६,०००** | **६,२४,५८,११३.८०** | **१४.७१** |

## २. खर्च विवरण (हाल सम्मको)

| विवरण | विनियोजन रु. | खर्च रु. | खर्च % |
|---|---|---|---|
| गाउँपालिका तर्फ (वडा सहित) | १५,१९,७९,००० | २,०३,४८,८८१.०० | १३.३८ |
| शिक्षा | ३,२०,००,००० | ५६,५१,४४७ | १७.६६ |
| स्वास्थ्य | ७५,२१,००० | ९९,५०० | १.३२ |
| कृषि | ४०,००,००० | ५,००,००० | १२.५ |
| पशु सेवा | २५,००,००० | ० | ० |
| महिला बालबालिका तथा समाज कल्याण | ३०,००,००० | १,४०,००० | ४.६६ |
| संघिय सरकार | २१,३६,०६,००० | ३,५७,१८,२८५.८० | १६.७२ |
| प्रदेश सरकार | ९९,००,००० | ० | ० |
| आन्तरिक आय (अ.ल्या.सहित) | २,७३,९०,००० | ५६,५१,४४७ | २०.६ |
| **जम्मा** | **४२,४५,०६,०००** | **६,२४,५८,११३.८०** | **१४.७१** |

## ३. अन्तरिक राजश्व (२०८१ श्रावण देखि २०८१ मङ्सिर सम्मको आन्तरिक आम्दानी )

| गाउँपालिका/वडा | राजस्व रकम रु. | लक्ष्य |
|---|---|---|
| गाँऊ कार्यपालिकाको कार्यालय | ३७,५८,०६८.२७ | १,१३,४८,५०० |
| १ नं वडा कार्यालय | २,५९,६६०.६७ | |
| २ नं. वडा कार्यालय | २,३५,०३१.०६ | |
| ३ नं. वडा कार्यालय | ५,९९,३५७.०४ | |
| ४ नं. वडा कार्यालय | २,७८,९६१.६४ | |
| ५ नं. वडा कार्यालय | १,५५, ५०१.५७ | |
| **कुल जम्मा** | **५२,८६,५८०.८०** | |

**१ . माण्डवी गाउँपालिकाको आ.व २०८१/८२ मा  हाल सम्म भएका मुख्य मुख्य कामहरु**

- **<u>कृषि तथा पशुपन्छी</u>**

१. आपतकालिन कृषि विशेष कार्यक्रम अन्तर्गत कृषि शाखाको लागि आवश्यक विषादी खरिद गरि बालीनालीमा लाग्ने रोगको पहिचानको आधारमा किसानहरुलाई नियमित विषादी वितरण गरिएको

२. पशु सेवा शाखाको लागि औषधि खरिद गरि पशुपन्छीहरुमा लाग्ने रोगको पहिचानको आधारमा नियमित रुपमा औषधि  वितरण गरिएको र पशु सेवा शाखाबाट प्राविधिक टोलि कृषकहरुको घर घरमा पुगी पशुहरुको उपचार गरिएको ।

३. स्थानीय पुष्प खेति प्रवर्धन गर्ने उदेश्यले माण्डवी गाउँपालिका ३ नयाँगाउँमा पुष्प खेति संचालन गरिएको ।

४. एक घर एक मौरी घर कार्यक्रम, स्थायी प्लाष्टिक घर निर्माण, गुणस्तरीय बेर्ना वितरणका लागि नर्सरी स्थापनाका लागि माग संकलन गरिएको

५. गाउँपालिकाका किसानका सूचना, विवरणहरु एकीकृतरुपमा व्यवस्थापन गरी किसानलाई पहिचान गर्ने र राज्यबाट किसानलाई उपलब्ध हुने सेवा, सुविधा तथा विकास योजनासँग आबद्ध गर्ने उदेश्यका साथ संचालन गरिएको किसान सूचीकरण कार्यक्रम अन्तर्गत सहजकर्ता मार्फत तथ्यांक संकलन कार्य गर्नका कृषि गणकहरुको आवेदन संकलन गरिएको

- **<u>स्वास्थ्य</u>**

१. गाउँपालिका अन्तर्गतका वडा नं.  १ , २ ४ र ५ मा रहेका सामुदायिक विद्यालयहरुमा अध्ययनरत १०-१९ वर्ष सम्मका ७५३  किशोरीहरुको रक्त अल्पता र ब्लड ग्रुप जाँच गरिएको ।

२. समग्र स्वास्थ्य कार्यक्रमहरुको आ.व. २०८०-०८१ को वार्षिक समिक्षा कार्यक्रम सम्पन्न गरिएको ।

३. स्वास्थ्य संस्था, गाउँ घर क्लिनिकहरुमा स्तनपान सप्ताह दिवसको अवसर सचेतना कार्यक्रम  सम्पन्न गरिएको

४. स्वास्थ्य संस्थाहरुका लागि आवश्यक पर्ने औषधि तथा सर्जिकल सामग्री खरिदका लागि e-bidding मार्फत  बोलपत्र आव्हान गरिएको

५. माण्डवी गाउँपालिकाको आर्थिक सहयोग र प्रस्तावित नरेन्द्र गायत्री आँखा अस्पताल बिजुवारसँगको प्राविधिक सहयोगमा जेष्ठ नागरिक आखाँ जाँच कार्यक्रम निरन्तरता दिईएको

६. सुत्केरी महिला तथा दलित जेष्ठ नागरिकहरुका लागि निशुल्क एम्बुलेन्स सेवा निरन्तरता  दिईएको

- **<u>शिक्षा</u>**

१. २०८१ असोज २ गते राष्ट्रिय शिक्षा दिवसको अवसरमा कक्षा ८,१० र १२ मा उत्कृष्ट नतिजा ल्याउन सफल विद्यार्थी र शिक्षक सम्मान, शैक्षिक सत्र २०८०मा उत्कृष्ट शिक्षक,प्रधानाध्यापक,विद्यालय ,अभिभावकलाई सम्मान गरि शिक्षा दिवस मनाइएको ,

२. विद्यालयको तथ्याङ्क सत्यापनका लागि,विद्यालयको अनुगमन तथा सुपरीवेक्षण गरी सल्लाह सुझाव आदान प्रदान कार्यक्रम

३. नियमित गाउँ  शिक्षा समिति बैठक,प्रधानाध्यापक बैठक बसी शैक्षिक असल अभ्यास ,अनुभव अदानप्रदान र योजना निर्माण गरिएको

४. दश वर्षे माण्डवी गाउँपालिका शिक्षा योजना २०८१-२०८९ को मस्यौदा लेखन तयारी गरिएको

५. विद्यालयमा शिक्षक कर्मचारी व्यवस्थापन संगै विद्यालयमा प्रथम चौमासिक निकासा गरिएको,

६. प्रधानाध्यापक संग र शिक्षकसंग शिक्षण सुधार सम्झौता गरिएको,

७. माध्यमिक शिक्षा SEE २०८० को नतिजा समिक्षा गरी योजना निर्माण गरिएको

# भौतिक पूर्वाधार तथा भवन नियमन

| क्र.स. | योजना /आयोजनाको नाम | स्वीकृत आ.ब. | आ.ब. २०८१/८२ मा विनियोजन बजेट | सम्झौता रकम(भ्याट सहित ) | निर्माण व्यवसायीको नाम | आयोजनाको अबधि | हालसम्मको प्रगति | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | भैतिक | वित्तीय | |
| | माण्डवी गाउँपालिकामा संचालित बहुबर्षीय आयोजनाहरु (ठेक्का मार्फत भएका ) गत आर्थिक बर्ष देखि संचालनमा रहेको | | | | | | | | |
| १ | १५ शैया अस्पातल निर्माण | २०७७/७८ | हालसम्म बजेट बिनिजोजित नभएको | १७,७०,३३,९९७।४७ | माहदेव खिम्ती -आशुँ -मल्लरानी जे.भी. बिजुबार प्युठान | 2081/12/25 | ९७ | ८४ | - |
| २ | ठुलीलेखमा पर्यटन प्रबधन कार्यक्रम | २०७७/७८ | हालसम्म बजेट बिनिजोजित नभएको | २,७४,२९,६२९/- | आशुँ-मल्लरानी - पी.पी.जे.भी.बिजुवार प्युठान | 2082/11/30 | ८५ | ५८ | - |
| | माण्डवी गाउँपालिकामा संचालित बहुबर्षीय आयोजनाहरु (ठेक्का मार्फत भएका ) हाल आर्थिक बर्ष २०८०/८१ देखि संचालनमा रहेको | | | | | | | | |
| १ | "चकचके -एकचोटे-कालीखोला जोड्ने मोटरबाटो नयाँ सडक" | २०८०/०८२ | १,५०,००,०००/- | ३,५१,१५,०५८.३६ /- | इजी-लुम्बिनी-भृकुटी जे.भी रोल्पा नगरपालिका-४ रोल्पा | 2083/03/20 | १०० | ६५ | - |
| २ | भेडाबारी उदयपुरकोट बृहित लिफ्ट खानेपानी आयोजना | २०८०/०८१ | ३,००,००,००० /- | २,७२,६२,५९५.४१ /- | महेन्द्र/बि.के.जु./दिव्याशक्ति जे.भी. प्युठान नगरपालिका, बिजुवार प्युठान | 2082/03/20 | ८० | ५४ | - |
| | माण्डवी गाउँपालिकामा संचालित बार्षिक आयोजनाहरु (ठेक्का मार्फत भएका ) | | | | | | | | |
| १ | नयाँगाउँ र्याले देखि धनचौर जोड्ने मोटरबाटो निर्माण योजना | २०८१/०८२ | १,४०,००,०००/- | ७७,८८,२१६.८१/- | माडी झिमरुक निर्माण सेवा प्यूठान | 2082/03/12 | १० | ० | - |
| २ | गाउँपालिकाको पार्किङ तथा आवास निर्माण | २०८१/०८२ | ३०,००,०००/- | २३,५८,८९५.०२/- | माडी झिमरुक निर्माण सेवा प्यूठान | 2082/02/25 | ३० | ० | - |
| ३ | ज्योति प्रा.बि तथा बगरटोल दोद्र्रे खोला नियन्त्रण | २०८१/०८२ | १०,००,०००/- | ६५,८०८१.३६/- | थड फ्लोर कन्स्ट्रक्सन कम्पनि काठमाडौं | 2082/03/10 | ० | ० | ठेक्का भएर मुल्यांकन हुन बाकीं |
| ४ | गोल्वाङ लिफ्ट एक घर एक धारा खा.पा. योजना | २०८१/०८२ | २०,००,०००/- | १७,०६,०७४.२८ | पावर नेपाल कन्सल्ट एण्डकन्स्ट्रक्सन काठमाडौं | 2082/02/20 | ० | ० | मुल्यांकन भएर आसयको पत्र जारि भएको सम्झौता हुन बाकीं |
| | प्रदेश सरकारबाट हस्तान्तरित कार्यक्रम (शसर्तअनुदान ) | | | | | | | | |
| १ | श्री गणेश मा.बि. भबन निर्माण | २०८१/०८२ | ७०,००,०००/- | ५५,२५,०६१.५७ | काभ्रे माण्डवी कन्स्ट्रक्सन एण्ड सप्लायर्स प्रा.लि. काभ्रेपलाञ्चोक | 2082/02/20 | ५ | ० | - |
| | प्रदेश सरकारबाट हस्तान्तरित कार्यक्रम (बिशेषअनुदान ) | | | | | | | | |
| १ | बागीस्वारी मा.बि भबन निर्माण तथा मर्मत आयोजना | २०८१/०८२ | ४४,००,०००/- | २८,०३,७०२.१४ | ए.एस.बेल्बासे बिल्डर्स प्रा.लि. अर्घाखाँची | 2082/02/20 | २० | | - |

- **महिला,बालबालिका तथा सामाजिक समावेशीकरण**

१. लैंगिक समानता तथा सामाजिक समावेशीकरण परिक्षण सम्बन्धी दुइ दिने कार्यशाला गोष्ठी गरी परिक्षण कार्य सम्पन्न

२. ज्येष्ठ नागरिक तिर्थयात्रा तथा मिलन केन्द्र अध्ययन अवलोकन भ्रमण अन्तर्गत देवघाट धामको तिर्थयात्रा र नारायणगढ स्थित सतरंग मिलन केन्द्रको अवलोकन

३. अन्तराष्ट्रिय अपांगता दिवसको अवसरमा अपांगता विषयक सरोकारवालासँग अन्तरक्रिया कार्यक्रम गरि सम्पन्न

४. लैंगिक हिंसा विरुद्दको १६ दिने अभियानको अवसरमा गाउँपालिका र वडा कार्यालयमा लैंगिक हिंसा सम्वन्धी अभिमुखीकरण कार्यक्रम गरी अभियान निरन्तर चलिरहेको।

५. दलित सिप विकास तालिम अन्तर्गत लागि एक महिने पलम्वर तालिम संचालनका लागि सार्वजनिक सूचना प्रकाशन गरि  निवेदन माग गरिएको

६. महिलाहरुलाइ ड्राइभिङ तालिम अन्तर्गत पन्ध्र दिने तीन पांग्रे अटो सवारी साधन ड्राइभिङ  तालिम संचालनका सार्वजनिक सूचना प्रकाशन गरि निवेदन माग गरिएको

७. अपांगता सिप विकास तालिम अन्तर्गत एक महिने मोवाइल मर्मत तालिम संचालनका लागि सार्वजनिक सूचना प्रकाशन गरि निवेदन माग गरिएको

- **प्रधानमन्त्री रोजगार कार्यक्रम**

१ आर्थिक वर्ष २०८१/०८२ का लागि प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत ७० जना बेरोजगार व्यक्तिहरु सुचिकृत भएको जसमध्ये नेपाल सरकार अन्तर्गतको श्रोतको  योजनामा ३० जना र बैदेशिक ऋण (आई डी.ए) श्रोत अन्तर्गत योजनामा ४० जना व्यक्ति छनौट भएको ।

२ आर्थिक वर्ष २०८१/०८२ मा प्रधानमन्त्री रोजगार कार्यक्रम संचालनका लागि ५ वटै वडामा १० वटा  योजना छनौट गरिएको जसमध्ये  नेपाल सरकारको श्रोतबाट ५ वटा र बैदेशिक ऋण (आई डी.ए) श्रोतबाट ५ वटा योजना छनौट भई कार्यान्वियनको चरणमा रहेको।

३ श्रम रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय बाट २०८० बैशाख २ गते  देखि  बैदेशिक रोजगारमा जाने व्यक्तिको अनलाईन श्रम स्वीकृत र पुनः श्रम स्वीकृतिमा सहजीकरण गर्ने कार्य कार्य गाउँपलिकलाई  हस्तान्तरण गरे पश्चात  माण्डवी गाउँपालिकाको रोजगार सेवा केन्द्रबाट हाल सम्म ३२ जनालाई र श्रम स्वीकृत  प्रदान गरिएको छ भने आर्थिक वर्ष २०८१/०८२ मा १५ जनालाई श्रम स्वीकृति प्रदान गरिएको।

४ प्रधानमन्त्री रोजगार कार्यक्रमका योजनामा खटिने बेरोजगार व्यक्तिलाई २ लाख बराबरको सुरक्षा सामाग्री खरिद गरिएको

५ युवा रोजगारीका लागि रुपान्तरण पहल आयोजना अन्तर्गत सडक मर्मत सम्भार सम्बन्धी सीप विकास तालिम संचालन गर्नका सेवा प्रदायक छनौट गरि संचालन गर्ने प्रावधान अनुसार गाउँपालिकाले दरभाउपत्र माग गरि प्राप्त दरभाउ पत्रको मुल्यांकनको क्रममा रहेको

- **वन, बातावरण तथा विपद व्यवस्थापन**

१. माण्डवी गाउँपालिकामा बाढी, पहिरो, आगलागीबाट क्षति भएका विपद प्रभावित व्यक्ति तथा परिवारलाई राहत वितरण गरिएको।

२. माण्डवी गाउँपालिका मिति २०७९ असोज महिनामा आएको बाढी पहिरोवाट क्षतिग्रस्त भई मनसुनजन्य विपद प्रभावित निजी आवास पुनर्निर्माण तथा पुनर्स्थापना अनुदान कार्यविधि २०७७ बमोजिम पुनर्निर्माण लाभग्राही सुचिमा कायम भएका २२ जनालाई  प्रथम किस्ता भुक्तानी गरि पुनर्निर्माणको कार्य सुचारु भएको। जसमध्ये १६ जनाको दोश्रो किस्ता मागका लागि जिल्ला विपद व्यवस्थापन समितिमा सिफारिस गरिएको।

## १. कर्मचारी पदपूर्तिको अवस्था

माण्डवी गाउँपालिका, अन्तर्गतका वडा कार्यालय र स्वास्थ्य संस्थामा १०३ जना कर्मचारी कार्यरत रहेकोमा ४७ जना स्थायी र ५६ जना सेवा करारमा कार्यरत रहेका छन।

| **विवरण** | **गाउँपालिका ,वडा कार्यालय तर्फ** | **स्वास्थ्य चौकी तर्फ** | **जम्मा** |
|---|---|---|---|
| स्थायी कर्मचारी | २७ | २० | ४७ |
| करार कर्मचारी | ३४ | २२ | ५६ |
| **जम्मा** | **६१** | **४२** | **१०३** |

२. योजनाहरुको कार्यान्वयन तह/क्षेत्र

| क्र.सं. | विवरण | योजना संख्या | उपभोक्ता समिति गठन/ठेक्का मार्फत | सम्झौता भई कार्यान्वयन भएको |
|---|---|---|---|---|
| १. | गा.पा. स्तरीय | १५ | ५ (ठेक्का) | ३ |
| २. | वडास्तरीय | १०६ | ७८ (उ.स) | |
| | १ | ३२ | ३० | १ |
| | २ | १८ | १५ | |
| | ३ | १७ | ६ | |
| | ४ | १८ | १६ | |
| | ५ | २१ | ११ | |
| जम्मा | | १२१ | ८३ | |

३. वडा कार्यालयबाट प्रदान गरिएको सिफारिस

| सि.नं. | वडा नं. | सिफारिस संख्या |
|---|---|---|
| १. | १ | ३५३ |
| २. | २ | ३०४ |
| ३. | ३ | ४६३ |
| ४. | ४ | १५१ |
| ५. | ५ | २६९ |
| जम्मा | | १५४० |

### ४. व्यक्तिगत घटना दर्ताको संक्षिप्त प्रतिवेदन

**जिल्ला :** प्युठान **गा.पा/न.पा. :** माण्डवी **दर्ता मिति देखि :** २०८१-०४-०१ **दर्ता मिति सम्म :** २०८१-०८-१९

| वडा नं. | जन्म | | | | मृत्यु | | | | सम्बन्ध बिच्छेद | विवाह | बसाई सरी आएको | | बसाई सरी जाने | | बेवारिसे | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | पुरूष | महिला | तेश्रो लिङ्ग | जम्मा | पुरूष | महिला | तेश्रो लिङ्ग | जम्मा | जम्मा | जम्मा | दर्ता संख्या | सदस्यको संख्या | दर्ता संख्या | सदस्यको संख्या | जम्मा | |
| १ | ९ | ८ | | १७ | २ | ६ | | ८ | २ | ६ | | | | | | ३३ |
| २ | १४ | ८ | | २२ | ४ | ३ | | ७ | १ | १३ | | | १ | १ | | ४४ |
| ३ | १६ | ९ | | २५ | ३ | ५ | | ८ | ३ | १६ | | | | | | ५२ |
| ४ | १९ | १९ | | ३८ | ६ | ४ | | १० | २ | १४ | | | ४ | १८ | | ६८ |
| ५ | ६ | ९ | | १५ | ३ | ४ | | ७ | | १० | | | ३ | ७ | | ३५ |
| **जम्मा** | **६४** | **५३** | **०** | **११७** | **१८** | **२२** | **०** | **४०** | **८** | **५९** | **०** | **०** | **८** | **२६** | **०** | **२३२** |

## ५. सामाजिक सुरक्षा भत्ता वितरण प्रतिवेदन (आ. व २०८१/०८२ को प्रथम त्रैमासिक)

| वडा नं. | अन्य जेष्ठ नागरिक भत्ता | | जेष्ठ नागरिक भत्ता (दलित) | | जेष्ठ नागरिक एकल महिला | | विधवा | | क वर्ग अपांग | | ख वर्ग अपांग | | दलित बालबालिका | | जम्मा | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १. | १३३ | १५६५९३५ | ३३ | २६०६८० | ३० | २३९४०० | ५३ | ४२२९४० | ६ | ७१८२० | ९ | ५७४५६ | ४७ | ७२७०७ | ३११ | २६९०९३८ |
| २. | १५१ | १७९६००० | १७ | १३०३४० | २५ | १९९५०० | ६९ | ५५०६२० | ३ | ३५९१० | २५ | १५५३४४ | ४६ | ६९६७० | ३३६ | २९३७३८४ |
| ३. | १८९ | २२३९३५४ | ३३ | २५५३६० | २७ | २१५४६० | ७४ | ५९०५२० | ९ | १०७७३० | १९ | १२१२९६ | ५८ | ८७६९० | ४०९ | ३६१७४१० |
| ४. | ११८ | १४०८००० | २३ | १७५५६० | २५ | १९९५०० | ६१ | ४८१४६० | ३ | ३५९१० | १७ | १०८५२८ | ६५ | ९७८२२ | ३९२ | २५०६७८० |
| ५. | १५७ | १८६७१२५ | १७ | १३०३४० | ३६ | २८७२८० | ५१ | ४०४३२० | १ | ११९७० | १० | ६३८४० | २३ | ३६७०८ | २९५ | २८०१५८३ |
| **जम्मा** | **७४८** | **८८७६४१४** | **१२३** | **९५२२८०** | **१४३** | **११४११४०** | **३०८** | **२४४९८६०** | **२२** | **२६३३४०** | **८०** | **५०६४६४** | **२३९** | **३६४५९७** | **१६६३** | **१४५५४०९५** |

## समस्या तथा चुनौतीहरु

१. कार्यक्रम कार्यन्वयनको लागि बजेट समयमा निकासा नहुनु
२. नागरिक समाज लगायत सरोकारवालाको भूमिका रचनात्मक नभई प्रतिक्रियात्मक बढी हुनु , Negative Advocacy  बढी हुनु, सरकारले गरेका राम्रा कामहरु उल्लेख गर्न नचाहने
३. राष्ट्रिय रुपमा अर्थतन्त्रमा आएको नकारात्मक प्रभावले कार्यक्रम कार्यन्वयनमा अन्योलता
४. जनप्रतिनिधिमा आवश्यक तालिम अभिमुखीकरणको  अभाब
५. नीतिगत अस्पष्टता
६. उपभोक्ता समिति जिम्मेवार हुन नसक्नु